नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, ललितपुर

## लिलाम बिक्रीसम्बन्धी सूचना नं.०३

(तेश्रो पटक प्रकाशित मिति-२०८१/०३/०४)

यस कार्यालयमा रहेका तपशिलमा उल्लिखित पुराना मालसामानहरु जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ को उपनियम ७ बमोजिम सोझै वार्ताद्वारा लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

लिलाम हुने मालसामानको विवरण

| क्र.सं. | लिलाम हुने मालसामानको विवरण | न्यूनतम मूल्य (मु.अ.कर बाहेक) | राजस्व दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स सामानहरु (कम्प्युटर, प्रिन्टर, फ्याक्स मेशिन लगायतका सामानहरु) | ४८,२०९.६० | १,०००.०० | |
| २. | फर्निचर सामानहरु (सोफा, दराज, कुर्सी लगायतका सामानहरु) | | | |

**शर्तहरु:**

१) **लिलाम बढाबढ हुने स्थान समय र मिति:**

छ) **स्थान:** जिल्ला प्रशासन कार्यालय ललितपुरको सभाहल

ज) **मिति:** २०८१/०३/०७

झ) **समय:** दिनको १२ बजे

२) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम मूल्यबाट सुरु हुनेछ ।लिलाम बढाबढमा सहभागी हुन इच्छुकले मिति २०८१/०३/०७ गते दिनको १२:०० बजेभित्र कम्पनि वा फर्मको हकमा दर्ता प्रमाणपत्र, आ.ब.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र संलग्न राखी र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयमा निवेदन दर्ता गरी सक्नुपर्नेछ ।

३) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु.४८,२०९.६० को ५ प्रतिशतले हुने रु.२,४११.०० नगद धरौटी राख्नुपर्नेछ ।

४) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुन आउने नगद धरौटी थप गर्दै जानुपर्नेछ ।

५) लिलाम बढाबढ हुने सम्पति तथा मालसामान हेर्न चाहने व्यक्ति तथा फर्मले मिति २०८१/०३/०६ गतेसम्म कार्यालय समयको १ बजेदेखि ५ बजेसम्म स्टोर शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

६) लिलाम कबोल/सकार गरेको मूल्यमा मु.अ.कर थप लाग्नेछ । लिलाम सकार गरेको सम्पति तथा जिन्सी मालसामानको कबोल अंक यस कार्यालयको राजस्व खातामा जम्मा गरे पश्चात सम्झौता भएको मितिले ७ दिनभित्र उठाई लैजानु पर्नेछ ।

सहायक प्रमुख जिल्ला अधिकारी

७) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै खुलेको अर्को दिनमा सोही स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

८) सो डाँक स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत जानकारी गराइन्छ ।

९) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

लिलाम बिक्रीसम्बन्धी सुचनाको शर्त तथा अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.daolalitpur.moha.gov.np मा हेर्नुहुन अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी